# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५२) काठमाडौं, असोज ३ गते २०५९ साल (अतिरिक्ताङ्क ४६

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजका हुजूरमा सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को कार्यावधि मिति २०५९।६।५ बाट ६ (छ) महिना थप गरिबक्सन मन्त्रिपरिषद्ले जाहेर गरेको हुँदा मौसूफबाट सो आयोगको कार्यावधि ६ (छ) महिनाको लागि थप गरिबक्सेको छ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीश श्री केशवराज उपाध्याय २०५९ साल असोज ४ गतेदेखि ६ गतेसम्म भारतको जयपुरमा हुने Sixth SAARC-LAW Cheif Justices' Conference मा सहभागी हुन आज त्यसतर्फ जानु भएकोले उहाँ फर्की अदालतमा हाजिर नभएसम्मको अवधिका लागि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश श्री केदारनाथ उपाध्यायलाई नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम कायम मुकायम प्रधान न्यायाधीश भई काम काज गर्न तोकिबक्सेको छ।

हुकुम बक्से बमोजिम,<br>
पशुपतिभक्त महर्जन<br>
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।